दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १७ | बुटवल | २०८२ पौष २७ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday January11, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# चुनाव जित्न प्रचण्ड घुम्दैफिर्दै रूकुम पूर्व

**चुनाव जितेर राजनीतिमा प्रभाव राखिराख्ने चाहनाले पुष्पकमल दाहाल प्रचण्डले हरेक चुनावमा क्षेत्र बदल्न बाध्य छन्। २०६४ सालदेखि चुनावी मैदानमा उत्रेका राजनीतिका चतुर खेलाडी उनले अहिलेसम्म क्षेत्र बदल्दै जित्दै आएका छन्।**



बुटवल। हरेक चुनावमा क्षेत्र फेर्दै चुनाव जित्दै आएका नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अहिले कहाँबाट चुनावमा उठ्लान ? यो प्रश्नको उत्तर शनिबार उनले रूकुम पश्चिम पुगेर दिए।

उनले भने-'यसपाली म रूकुम पूर्वबाट चुनावमा उठ्ने छु। रूकुम पूर्वबाट चुनावमा उठ्ने भएपछि यहाँ पनि आइरहन्छु। यहाँको विकासमा पनि मेरो उत्तिकै ध्यान जाने छ।'

रूकुम पश्चिमका प्रभावशाली नेता जर्नादन शर्माले साथ छाडेर नयाँ पार्टी खोलेपछि चुनौती थपिएको ठानेका प्रचण्डले आमसभामा बोल्दै भने-'यहाँको विकासमा म सधैँ लागिरहने छु, म तपाईंहरूसँगै छु।

प्रचण्डले पाँचौपल्ट चुनाव लड्ने क्षेत्र फेर्दैछन्। पार्टी संगठनभित्र विरोधीलाई पेलेर किनारा लगाउँदै आएका प्रचण्डका लागि आम चुनावमा भिड्नका लागि कठिन भएकाले क्षेत्र फेर्दै हिंड्ने गरेको आरोप लागेको छ। उनका समर्थकहरू भने प्रचण्ड गतिशील भएकाले क्षेत्र फेर्दै आएको बताउँछन्।

संगठनमा चार दशकदेखि एकछत्र राज गर्दै आएका उनले पार्टीलाई आफ्नो अनुकुल चलाउन धेरैपल्ट नाम फेरेका छन्। गठबन्धन पनि कहिले कांग्रेस त कहिले एमालेसँग गरेका छन्। फागुन २१ गते हुने चुनावमा बलियो प्रतिस्पर्धी बन्न उनले माधव नेपालको एकीकृत समाजवादीसहित विभिन्न साना पार्टीलाई मिसाएर माओवादी पार्टीलाई नेकपामा रूपान्तरित गरेका छन्। आगामी चुनावमा गठबन्धन को-कोसँग हुन्छ भन्ने ठेगान छैन्, तर उनले आफ्नो सुरक्षित क्षेत्रको टुंगो लगाएर नेपाली राजनीतिको एउटा खेलाडी भइरहने विषयलाई टुंगो लगाएका छन्। रूकुम पूर्व तत्कालीन माओवादीको आधार इलाका हो, जहाँ उनको पार्टीको जनाधार बलियो देखिन्छ।

आगामी चुनावमा प्रचण्डका लागि रूकुम पूर्वसहित विभिन्न पाँच जिल्लाबाट चुनाव लड्न प्रस्तावसहित सिफारिस भएको थियो। उनले पार्टीका शीर्ष नेताहरूलाई रूकुम पूर्व र सिन्धुलीको अवस्था बुझ्न लगाए। सिन्धुलीको जनमत चलायमान भएकाले समस्या पर्न सक्ने आँकलन भएपछि दाहालको रोजाई रूकुम पूर्व भएको हो।

गएको प्रतिनिधिसभाको चुनावमा नेकपा माओवादीका पूर्ण घर्ती १२ हजार २ सय ६२ मत ल्याएर विजयी भएका थिए। उनका प्रतिस्पर्धी एमालेका कैलाश मल्लले ५ हजार २ सय ११ मत ल्याएका थिए।

त्यस्तै, स्वतन्त्र उम्मेदवार चन्द्र झाँक्रीले ८ सय ९६ मत ल्याएका थिए। राष्ट्रिय प्रजातन्त्र पार्टीका खिमबहादुर खत्रीले ५ सय ८६ मत मंगोल नेशनल अर्गनाइजेसनका रतनबहादुर बुढाले ४ सय ६४ मत र नेस्नलिस्ट पिपल्स पार्टीका बलबहादुर बुढाले ३ सय ३ मत ल्याएको निर्वाचन आयोगले जनाएको छ। त्यसबेला कांग्रेस, माओवादी केन्द्र र नेकपा एसको गठबन्धन थियो।

अहिले रूकुम पूर्वमा ३४ हजार ९ सय ६३ मतदाता छन्। २०७९ सालमा गोरखा क्षेत्र नं. २ बाट उम्मेदवारी दर्ता गराएपछि प्रचण्डले आफूले देशका धेरै भाग र क्षेत्रबाट चुनाव लडेर रेकर्ड बनाएको बताएका थिए।

'म पहिला रोल्पा, काठमाडौं, मधेशमा सिरहा र चितवनबाट निर्वाचन लडेको छु। पूर्व-पश्चिम, मधेश-पहाड घुम्दै चुनाव लड्ने सायद नेपालको इतिहासमा म नै पहिलो भएको छु कि जस्तो लागेको छ।'-उनले भनेका थिए।

२०७४ सालमा तत्कालीन माओवादी र एमालेबिच गठबन्धन हुँदा चितवन ३ बाट प्रचण्ड ४८ हजार २६९ मत पाएर विजयी भए। उनका निकटतम प्रतिस्पर्धी राप्रपा प्रजातान्त्रिकका विक्रम पाण्डेले ३८ हजार ९४२ मत पाएका थिए। प्रचण्डले संविधानसभा र प्रतिनिधिसभा निर्वाचनमा चारपटक मत हाल्दा आफूलाई एकपटक मात्र मत हालेका छन्। २०७४ सालको प्रतिनिधिसभामा चितवन ३ बाट उम्मेदवार बन्दा मात्रै उनले मतदान गर्न पाए। २०७० सालको दोस्रो संविधानसभामा प्रचण्डले काठमाडौं १० र सिरहा ५ बाट निर्वाचन लडे। काठमाडौंबाट नेपाली कांग्रेसका राजन केसीले २० हजार ३९२ मत ल्याउँदा प्रचण्डले १२ हजार ८५२ मत ल्याएर तेस्रो भए। प्रचण्डले सिरहा ५ बाट १५ हजार २ सय ४४ मत ल्याएर विजयी भए। शान्ति प्रक्रियामा आएपछि २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमा प्रचण्ड रोल्पाबाट निर्वाचित भए। पहिलोपटक चुनावमा उठ्दा उनले रोल्पा क्षेत्र नम्बर २ र काठमाडौं १० बाट उम्मेदवारी दिएका थिए। उनी त्यो समयमा रोल्पा र काठमाडौं दुवै क्षेत्रबाट विजयी भए। पछि उनले रोल्पा २ छोडेर काठमाडौं रोजे।

चुनाव जित्न क्षेत्र बदल्दै आएका उनले पार्टीको नाम पनि पटक-पटक फेरेका छन्। राजनीति सुरु गर्दा प्रचण्ड तत्कालीन कम्युनिस्ट पार्टीको पुष्पलाल समूहमा आबद्ध थिए।

प्रचण्ड नेकपा मशालको पहिलोपटक महामन्त्री भए। त्यसको दुई वर्षपछि २०४८ सालमा पार्टीको नाम एकता केन्द्र भयो। २०५२ सालमा जनयुद्ध सुरु गर्नुअघि उनले पार्टीको नाम नेकपा माओवादी राखे।

त्यसपछि २०६५ सालमा माओवादी र एकता केन्द्रबिच एकता भयो पार्टीको नाम एकीकृत माओवादी राखियो। प्रचण्डले फेरि आफैँबाट फुटेर गएका पूर्वमाओवादीहरूसँग एकता गरे, त्यसपछि फेरि पार्टीको नाम फेरियो। अनि बन्यो माओवादी केन्द्र। एमालेसँगको एकतापछि त्यो नाम फेरिएर नेकपा भयो। अहिले १६ वटा पार्टी मिलाएर नेपाली कम्युनिस्ट पार्टी राखेका छन्। पार्टीको नाम बदल्दै र हरेक चुनावमा क्षेत्र बदल्दै जित्दै आएका प्रचण्डका निम्ति यसपाली जित हात लाग्छ कि लाग्दैन् त्यो हेर्न फागुन २१ को नतिजासम्म कुर्नुपर्नेछ।

## कांग्रेस विशेष महाधिवेशन आजदेखि

बुटवल। नेपाली कांग्रेसको विषेश महाधिवेशन आइतबार काठमाडौंको भृकुटीमण्डपमा उद्घाटन हुँदैछ। उद्घाटन सत्रको सभापतित्व कांग्रेस काठमाडौँ जिल्ला सभापति सबुज बानियाँले गर्नेछन्।

उद्घाटनसत्रपछिको बन्द सत्रको सभापतित्व भने जेष्ठ सदस्यले गर्नेछन्। विशेष अधिवेशनको पक्षमा खुलेका महाधिवेशन प्रतिनिधिहरूमध्ये जेष्ठ सदस्यले बन्दसत्रको सभापतित्व गर्ने तय भएको हो। तर कसले गर्ने भन्ने टुंगो नलागेको विशेष महाधिवेशन व्यवस्थापन समिति सचिवालय प्रमुख मनोजमणि आचार्यले जानकारी दिए।

विशेष महाधिवेशनको सचिवालयकाअनुसार भने पहिलो विशेष महाधिवेशनका प्रतिनिधिसमेत रहेका ओमकार श्रेष्ठ र पूर्वउपसभापतिसमेत रहेका गोपालमान श्रेष्ठमध्ये एकले बन्दसत्रको सभापतित्व गर्नेछन्।

पार्टीका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेर पार्टी विधानको धारा १७(२) बमोजिम विशेषको माग गरेका हुन्। सोहीअनुसार आइतबार विशेष महाधिवेशन उद्घाटन हुँदैछ।

आचार्यले २०१४ सालमा मोरङमा भएको विशेष महाधिवेशनको उद्घाटनको सभापतित्व तत्कालीन मोरङ सभापतिको हैसियतले गिरिजाप्रसाद कोइरालाले गरेको र अहिले यहाँ काठमाडौँको सभापतिले गर्ने जानकारी दिए।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्व तथा २ हजार ४८८ जनाले हस्ताक्षर गर्दै विधानको धारा १७(२)अनुसार विशेष महाधिवेशन मागेकाले २७ र २८ पुसमा विशेष महाधिवेशन आयोजना हुँदैछ।

## एकै चरणमा चुनाव हुनुपर्छ : ओली



बुटवल। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीका नेता-कार्यकर्तालाई निर्वाचनमा केन्द्रित हुन निर्देशन दिएका छन्।

शनिबार बसेको केन्द्रीय कमिटी बैठकमा ओलीले निर्वाचनको वातावरण पूर्णरूपमा नबने पनि मुलुक ढिलो-चाँडो निर्वाचनमा जानैपर्ने बताए।

'अहिले पनि निर्वाचनको वातावरण बनेको छैन,' ओलीले भने-'राजनीतिक दलका नेतामाथि लाञ्छना लगाउने, आरोप लगाउने र फसाउने प्रयास कायमै छन्। तर ढिलो-चाँडो देश निर्वाचनमा जानैपर्छ, त्यसका लागि पार्टी सधैँ तयार छ।'

ओलीले विभिन्न बहानामा निर्वाचन सार्ने प्रयास भइरहेको आरोप लगाउँदै एकै चरणमा निर्वाचन गर्नुपर्नेमा जोड दिए। 'चरण-चरणमा निर्वाचन गर्ने खेल स्वीकार्य छैन। जे गर्ने हो, न्यूनतम राजनीतिक सहमतिका आधारमा गर्नुपर्छ।'- उनले भने।

फागुन २१ गते नै निर्वाचन हुन सक्ने संकेत गर्दै ओलीले कार्यकर्तालाई सजग रहन आग्रह गरे। 'निर्वाचन जतिबेला पनि हुन सक्छ। फागुन २१ मै पनि हुन सक्छ। त्यसैले सबै साथीहरू तयारी अवस्थामा रहनुपर्छ।'- उनले भने।

उनले समानुपातिकतर्फ पार्टीले सर्वसम्मत रूपमा बन्दसूची सिफारिस गरिसकेको जानकारी दिँदै प्रत्यक्षतर्फ नाम सिफारिस गर्दा देखिएका विवाद पार्टी निर्देशनअनुसार समाधान गर्न आग्रह गरे।

ओलीले आफ्नो पार्टीको हस्तक्षेपकारी भूमिका र लोकतन्त्रका पक्षधर अन्य दल र नागरिक समाजको प्रयासमा प्रतिगमनको थप शृखंला रोक्न सफल भएको दाबी गरेका छन्।

» *बाँकी ३ पेजमा*

## भाँडियो रास्वपा–उनेपा एकता

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उज्यलो नेपाल पार्टीसँग पुस १४ गते भएको सहमतिलाई अगाडि नबढाउने निर्णय गरेको छ।

उज्यालो नेपालसँगको सहकार्य टुटेपछि शनिबार दिउँसो आकस्मिकरूपमा जुममार्फत् बसेको सचिवालय बैठकले एउटा मात्रै निर्णय गरेको नेता शिशिर खनालले जानकारी दिए।

'उज्यालो नेपालसँग पुस १४ गते एउटा सहमति भएको थियो,' उनले भने-'त्यो सहमति अहिलेलाई अगाडि नबढाउने एउटा मात्रै निर्णय भएको छ।' पार्टीको पदीय भागबन्डा र राजनीतिक विचार नमिलेको भन्दै कुलमानले रास्वापासँगको सहकार्य तोडेका छन्।

सरकारबाट बाहिरिएपछि र रास्वपासँगको सहमति तोडिएपछि कुलमान आफैँ अध्यक्ष भएर पार्टी हाँक्न अग्रसर भएका हुन्। उज्यालो नेपालको शनिबारै बसेको केन्द्रीय समिति बैठकले घिसिङलाई पार्टी अध्यक्ष बनाउने निर्णय समेत गरिसकेको छ।

उज्यालो नेपाल पार्टीका उपाध्यक्ष डा.तारा जोशीसहित तीन नेता राष्ट्रिय स्वतन्त्र पार्टीसँग एकताको पक्षमा उभिएका छन्। वैकल्पिक शक्तिहरू एकजुट हुनुपर्ने भन्दै उनीहरूले एकता भंग गर्न नहुनेमा जोड दिएका हुन्। कुलमान घिसिङले उज्यालो नेपालको अध्यक्षता लिएको सन्दर्भमा जोशीसहित केन्द्रीय सदस्य डा. विशाल भण्डारी र सञ्जीव भट्टराईले रास्वपामै रहन वार्ता गरिरहेका छन्।

सुदूरपश्चिम प्रदेशसभाका सदस्य समेत रहेका डा.जोशी, केन्द्रीय सदस्य डा.विशाल भण्डारी र सञ्जीव भट्टराई रास्वपामै समाहित हुने भएका छन्। अरू केही केन्द्रीय सदस्य पनि रास्वपामा रहन चाहेको बताइएको छ।

## प्राणीशास्त्रबारे दोस्रो राष्ट्रिय सम्मेलन बुटवलमा



बुटवल। प्राणीशास्त्रसम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलन बुटवलमा सुरु भएको छ। प्राणी शास्त्र केन्द्रीय विभाग र नेपाल जोलोजिकल सोसाइटीको संयुक्त आयोजनामा दुई दिने नेश्नल कंग्रेस अफ जुलोजी शनिबारदेखि सुरु भएको हो।

सम्मेलनअन्तर्गत शनिबार सोसाइटीको साधारणसभा भएको छ। आइतबारबार नेश्लन कंग्रेस अफ जोलोजीको मुख्य कार्यक्रम हुनेछ। सम्मेलनको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले उद्घाटन गरे।

सो अवसरमा बोल्दै पाण्डेले प्राणीको अध्ययन अनुसन्धान जरूरी रहेको र आगामी वर्ष बुटवलमा सम्मेलन भए सम्पूर्ण खर्च उप-महानगरले व्यहोर्ने बताए। कार्यक्रममा संस्थाका महासचिव डा. हरिप्रसाद शर्माले माछादेखि हात्तीसम्मका प्राणीको तथ्याङ्क संकलन गरिरहेको र प्रतिवेदन सरकारलाई बुझाउने जनाए।

प्रदेश अध्यक्ष बाबुराम बञ्जाडेले सातै प्रदेशका प्राणी शास्त्रीहरूको जमघट बुटवलमा भएको र दुई दर्जन कार्य पत्र पेश हुने बताए। दुई दिने सम्मेलन पछि बुटवल घोषणा पत्र जारी हुने बञ्जाडेले जनाए।

कार्यक्रमलाई बुटवल उप-महानगरपालिकाले मुख्य सहयोग गरेको उनले जानकारी दिए। सम्मेलनमा प्राज्ञिक, वैज्ञानिक, अनुसन्धानकर्ता र विद्यार्थीहरूलाई प्राणी विज्ञानको सबै पक्षमा अनुसन्धानको निश्कर्ष प्रस्तुत गर्नु सम्मेलनको उद्देश्य रहेको नेपाल जोलोजिकल सोसाइटीका अध्यक्ष प्राध्यापक प्रा.डा. महेन्द्र महर्जनले बताए।

सम्मेलनमा जैविक विविधता र पारिस्थितिक प्रणाली, मानव वन्यजन्तु द्वन्द्व र न्यूनीकरणलगायतका विषयमा छलफल हुने उनले जानकारी दिए। सम्मेलनको दोस्रो दिन नुवाकोटमा सेमिनार हुनेछ।




# सम्पादकीय

## राष्ट्रपति रनिङ शिल्डको सन्देश

बालबालिकाको प्रतिभा पहिचान र स्वस्थ जीवनशैली प्रवर्धन गर्ने उद्देश्यले सरकारले वर्षेनी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिरहेको छ। विद्यालय तहमा खेलकुदका गतिविधि सञ्चालन हुँदा त्यसले उनीहरूको पठनपाठनमा पनि सकारात्मक प्रभाव पार्छ। हरेक पालिकाभित्र विद्यालय तहस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न संघीय सरकारले जुन प्रयास गरेको छ, यसले खेलकुद स्वस्थ जीवनका लागि अनिवार्य भन्ने सन्देशलाई व्यवहारिक कार्यान्वयनमा बल पुगेको छ। खेल क्षेत्रमा न्यून लगानी र पूर्वाधार विकास भएका बेला यो प्रतियोगिताले सकारात्मक सन्देश दिएको छ।

हुने बिरूवाको चिल्लो पात भनेझैँ कुनै विषयमा अब्बल हुनेहरू सानैदेखि त्यस्तो लक्षण देखाएका हुन्छन्। कुनै व्यक्तिभित्र रहेको प्रतिभा बाहिर निकाल्न अनुकुल वातावरण आवश्यक हुन्छ। अझ बालबालिकामा सिक्ने, जान्ने र आफ्नो क्षमता बाहिर ल्याउने हुटहुटी तीव्र हुन्छ। घरपरिवार, समाज र विद्यालयले उनीहरूको क्षमता बाहिर ल्याउन अनुकुल वातावरण बनाइदिने हो भने उनीहरूभित्र रहेको क्षमता बाहिर आउँछ। बालबालिका प्रवल सम्भावनाका खानी हुन्। त्यो सम्भावनालाई चिन्ने र चिनाउने अवसर दिने वातावरण तयार गर्न सक्दा अब्बल देखिन सक्छन्, त्यसले समाज र मुलुकलाई सकारात्मक प्रभाव पार्न सक्छ। उनीहरू अरूका लागि पनि प्रेरणापुञ्ज बन्न सक्छन्। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता त्यस्तै प्रेरणापुञ्ज बन्न सक्छ। खेल व्यक्तिको जीवनमा अनिवार्य आवश्यक छ, अझ बालबालिकाको शारीरिक र मानसिक विकासका लागि अपरिहार्य छ।

बुटवल उप-महानगरपालिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुष २६ गतेदेखि २८ गतेसम्म आयोजना गरेको छ। प्रतियोगितामा बुटवल उप-महानगरपालिकाभित्रका ४२ विद्यालयबाट छात्र ९ सय ८१, छात्रा ६ सय ७ गरी १ हजार ५ सय ८८ विद्यार्थीले भाग लिएका छन्। एथलेटिक्सतर्फ(दौड, ज्याभ्लिङ थ्रो, सटपुट,लङ्ग जम्प, त्रिपल जम्प) कराँतेतर्फ ६ र तेक्वादोतर्फ ६ वटा तथा भलिबल र कबड्डी खेल विधाहरूमा ३ सय ५० जना खेलाडीहरू पुरस्कृत हुनेछन्। बुटवलमा आयोजना हुने यो खेलकुद मेलामा बुटवलका विद्यार्थीहरूको उत्कृष्ट प्रतिभा हेर्ने अवसर हो। यो प्रतियोगितामा सहभागी हुने विद्यालयको संख्या वर्षेनी बढिरहेको छ। प्रतियोगितामा सहभागी विद्यालय र विद्यार्थीको उत्साहले प्रतियोगिता आयोजना गर्नुको औचित्य पुष्टि भएको छ। बालबालिकामा पठनपाठनमा मात्रै नभई अरू विषयमा पनि प्रतिस्पर्धी बन्न प्रेरणा मिलेको छ।

प्रतियोगितालाई विवादमुक्त बनाउन आयोजकले ध्यान दिनुपर्छ। प्रतिस्पर्धी वातावरण तयार गरी जीत हासिल गर्नु स्वभाविक हो। तर जित्दा ठिकै तर जित्न नसक्दा अराजक अवस्था निम्तिने जोखिम बढ्दै गएको छ। समाजमा बढ्दो यस्तो अराजकता यहाँ पनि सल्किन सक्छ। स्वच्छ प्रतिस्पर्धा नै खेलको सर्वोत्तम नियम भएकाले यो नियमको पालना नै महत्वपूर्ण हुन्छ। नयाँ पुस्तालाई राम्रो संस्कार दिन सक्नु नै राम्रो उपलब्धि हो। अझ यो प्रतियोगिता सञ्चालन भएको केही वर्ष बितेकाले प्रतियोगिताका कमिकमजोरीलाई सुधार गर्दै अब्बल बनाउन पहलकदमी लिनुपर्छ। राष्ट्रपति संस्था जोडिएको प्रतियोगिता भएकाले पनि संस्थाको गरिमा र प्रतिष्ठाको पनि ख्याल गर्नुपर्छ।

# पृथ्वीनारायण शाहको न्यायासंगत सान्दर्भिकता !



एच.के. श्रेष्ठ



गोरखा राज्यका संस्थापक राजा द्रब्य शाहाको भावि सन्तति पृथ्वीनारायण शाहा राजा नरभूपाल शाहा र रानी कौशल्यवतीका जेष्ठ सुपुत्र थिए। वि.सं.१७७९ पौष २७ गते जन्मेका उनी शाहा बंशीय इतिहासमा कुलदीपकको रूपमा उदाए र वडामहाराजधिराजको हैसियत कायम गर्न सफल भए। यस्तो महान सफलता हासिल गर्नमा अरू राजाभन्दा उनी निश्चित रूपमा युनिक र आश्चर्यजनक विशेषता र प्रतिभाले ओतप्रोत थिए। वि.सं. १७९९ चैत्र २५ गते नरभूपाल शाहको मृत्युपछि पृथ्वीनारायण शाह गोरखाको राजा भए। पृथ्वीनारायण शाहाको जजमेन्ट हलका ढंगले गर्न अन्याय हुन्छ। उनी क्षमावान राजा, कुसल शासक, नेतृत्वकारी गुणका नेता, वीर योद्धा, महत्वकांक्षी तथा दुरदर्शी र युद्धकलामा चतुर लडाकु थिए।

सबै जात जाति, समुदाय र व्यक्तित्वहरूका अनि शत्रुको पनि सम्मान गर्ने गुणका हुन्, उनी। उनी समृद्ध, एकीकृत र अखण्ड नेपाल बनाउने महापुरुष हुन्। उनको योगदानले बाइस चौबीस राज्यमा विभक्त, फोहोर राज्यहरू एउटै नेपाल बन्यो। एकीकृत, समृद्ध र अखण्ड नेपालको एउटै अभीष्ट उनको पूरा भयो। नेपालमा पृथ्वीनारायण शाहको त्यति नै योगदान छ, जति अन्य देश एकीकरण गर्ने महारथीहरूका। ग्रिसका अलेकजान्डर महान्, रुसका पिटर, जर्मनीका बिस्मार्क, बेलायतका एगबर्ट, फ्रान्सका नेपोलियन, चीनका क्वीन सेन ह्वाङ, अमेरिकाका जर्ज वासिङटन, जापानका ओडा नोबुन्एजा, टोकुगावा र इएसु, इटलीका क्यामिलो क्याभोर जिसेप ग्यारिबाल्डी आदिको अग्र पंत्तिमा पर्दछन्।

भारतलाई एकीकृत पार्ने भारतीय होइनन्, बेलायती उपनिवेशवादी साहेबहरू हुन् भन्दा अन्यथा मान्नु नपर्ला। आजका भारत, पाकिस्तान र बंगलादेशलाई एउटै राज्य बनाउने बेलायती हुन्, भारतीय होइनन्। बेलायती साम्राज्य विस्तार गर्ने क्रममा इस्ट-इन्डिया कम्पनीले भारतलाई उपनिवेश बनायो। उपनिवेशवादीले आफ्नो स्वार्थ पूरा गर्न सयौँ राजा रजौटामा विभाजित भारतलाई एउटै उपनिवेश बनाएर शासन गर्‍यो। त्यसैले भारत एकीकरणको जस भारतीयलाई होइन, बेलायतीलाई जान्छ। उनीहरूले नै इन्डिया नामाकरण गर्दै एउटै भू-भाग बनाएका हुन्। महात्मा गान्धीले त बेलायती उपनिवेशबाट भारतलाई मुक्त पारेका हुन्। भारत स्वतन्त्र हुँदा माहमद जिन्नाले पाकिस्तान बनाएका हुन्। यस अर्थमा भारतलाई एकीकृत गर्ने सात समुद्रपारिका बेलायती हुन्, भारतीय होइनन्। तर सन् १९४७ मा भारत स्वतन्त्र हुँदा एकीकृत भारत पछि बंगलादेश बनेर पाकिस्तानसहित तीन राज्यमा बिखण्डित हुन पुग्यो। तर, पृथ्वीनारायण शाहले बेलायती उपनिवेशविरुद्ध उभिएर अखण्ड नेपाल बनाए। तर भारतका पाँच सय ३६ राजाहरू आफ्नो देश जोगाउन नसकेर बेलायती उपनिवेशमा परिवर्तित भए। नेपाल विश्वका दुई सय बढी देशहरूमध्ये चौबीसौँ पुरानो मुलुक हो, जो भारतभन्दा दुई सय वर्ष जेठो छ। यसको जस पृथ्वीनारायण र उनका सहयोगीहरूलाई जान्छ। त्यसैले ती सबै महान् हुन्, जसले समृद्ध, एकीकृत र अखण्ड नेपाल बनाए।

तर नेपाली कांग्रेस २००७ सालको क्रान्तिको घोषणा कार्यान्वयन गर्न राजा त्रिभुवनको आनाकानी र पछि राजा महेन्द्रको प्रजातान्त्रविरोधी भएकाले राजा र उनका पुर्खाबारे कहिल्यै खुलेर बोल्न चाहेनन्। पृथ्वीनारायण शाहवंशको हुनुमा उनको दोष थिएन। कुरा उनी कुन वंशका थिए भन्ने भन्दा पनि उनले के गरे र उनको योगदान के-कति थियो भन्ने अहम पक्ष हो।

पृथ्वीनारायणले जनतासँग मिलेर नेपाल एकीकरण गर्ने महाअभियानको नेतृत्व मात्र गरेनन्, त्यसलाई सफल पारेरै छोडे। उनी काठमाडौँ प्रवेश गर्दा उपत्यकामा क्रिस्चियनहरू बाइबल बोकेर आइसकेका थिए। भारतबाट पहिले मुसलमान र पछि क्रिस्चियनबाट लखेटिएका हिन्दुहरूलाई त्राण दिन पृथ्वीनारायण असली हिन्दुस्तान बनाउन लागेका थिए। नेपालबाट हट्नुपरेको बदला क्रिस्चियनहरूले कति धार्नी नाककान काटेको दुस्प्रचारसहितको प्रोपोगान्डा गरे। तर त्यति नाक काट्न कति जनसंख्या चाहिन्छ ?

पृथ्वीनारायणको निधनपछि कान्छा छोरा बहादुर शाहले मात्र बाबुको अभियानलाई निरन्तरता दिए। नेपाललाई पूर्वमा टिष्टादेखि पश्चिममा किलला काँगडासम्म पुर्‍याए। तर दिब्योपदेशमा भनिएझैँ उनका सन्तानले गर्न सकेनन्। पृथ्वीनारायणले भनेका थिए-'अंग्रेज बडा चतुरो जाति हो। लडाइँ, झगडा नगरी छलकपटहरू गरेर भए पनि हाम्रो देशमा आउन सक्तछ।'

नभन्दै नेपालसँग लडाइँमा नसकेपछि अंग्रेजले नेपाली दरबार, जो सत्ताको हालीमुहाली गरेर बसेको थियो, त्यसैमा झगडाको बिउ रोपेर मलजल गरेको नेपाली शासकले पत्तै पाउन सकेनन्। शाह राजाहरू मोजमस्ती, पारिवारिक कलहबाट कहिल्यै बाहिर निस्कन नसक्ने गरी फसे। भारतमा झन् झन् पकड जमाइरहेका बेलायतीहरूले मजासँग खेले। यो अर्कै पाटो हो, पृथ्वीनारायण शाहलाई चार आयामबाट हेर्‍यो भने छर्लङ्ग हुनसक्छ। पछिल्लो, नेपाल एकीकरणकालका पृथ्वीनारायण। दोस्रो, जहानियाँ राणाकालका पृथ्वीनारायण। तेस्रो, पञ्चायतकालका पृथ्वीनारायण र चौथो, लोक गणतन्त्रका पृथ्वीनारायण। एकीकरणकालका पृथ्वीनारायणले सिंगो मुलुकको परिचय दिए। नेपालीलाई नेपाली पहिचान दिने उनै हुन्। उनले नेपाल एकीकरण गरे। नेपाली राष्ट्रियताको जगेर्ना गरे। नेपाल राष्ट्र निर्माण गरे।

राणाकालीन नेपाली शासकले विदेशीसँग सम्झौता गरेर निमुखा नेपाली जनतालाई शासन गरेर बसे। राणाहरूले पृथ्वीनारायणको संकेतका रूपमा उनका सन्तानहरूलाई खोपीमा राखेर आफूले शासन गरे। उनीहरूले के भ्रम दिन खोजे भने अगाडिको पुस्ताको गुण पछिल्लो सन्तानले बोको हुन्छ, तर सत्यसावित के भएको छ भने पहिलो पुस्ताको गुण दोस्रो पुस्तामै आउँदैन। सन्तानमा गुण आउने होइन, संस्कार आउने हो। राजसंस्कारविहीन राजाहरूमा के गुण हुन्थ्यो र आउनु ? फलस्वरूप, राजाहरू मोजमस्तीमै झुलिरहे। राणाहरूले जहानियाँ शासनलाई टिकाइरहे। पृथ्वीनारायणको पुस्तालाई वैदिक विधिअनुकूल हुने गरी बिरालो बाँधेर एकसय चार वर्षसम्म शासन गरे।

तेस्रो खण्डमा पृथ्वीनारायणको विरासतलाई राजा महेन्द्रले पारिवारिक सम्पत्ति र शासनको उत्तराधिकार प्राप्तिका लागि दुरूपयोग गरे। नेपाल एकीकरण गर्ने सुधारको रूपमा पृथ्वीनारायणले आर्जन गरेको ख्यातिलाई पञ्चायती शाहहरूले महादुरूपयोग गरेर जनताको विरासतमा होइन्, पृथ्वीनारायण जस्ता महापुरुषलाई शाहमा खुम्च्याएर ब्रह्मलुट गरे। निहित स्वार्थपूर्ति गर्न चरम दुरूपयोग गरे। हाम्रा पुर्खा पृथ्वीनारायण शाहले बनाएको मुलुक हो भनेर नेपाललाई नै पैत्रिक अंशको रूपमा लिए। जनताका नायकलाई जनताको दुस्मनको कित्रामा उभ्याएकाले शाहवंश नै सकियो। तर पृथ्वी महिमा उजागर हुँदैछ।

चौथो चरणको बहुदलीय प्रजातन्त्रकालका शासकहरू झुण्ड झुण्डमा विभक्त भए। पृथवीनारायणप्रति भिन्न दृष्टिकोण राखे। भिन्न विचार, सिद्धान्त र दर्शनले आ-आफ्नै कोणले सामन्त, महासामन्त र अधिनायकवादी भनेर हेरे, तर लोक गणतान्त्रिककालमा त्यो पटाक्षेप भएको छ। पृथ्वीनारायणका सालिक ढाल्नेहरू पनि झस्किएका छन्। सामन्त, महासमान्त र अधिनायकवादी भन्नेहरू पनि चकमन्न हुन पुगे। राष्ट्रिय एकता त चाहिने रहेछ। ? बाइस चौबीसे राज्यहरू रहेका भए के सिँगो नेपाल रहन्थ्यो ? काँग्रेस कम्युनिस्टहरू विभिन्न विचार सिद्धान्तबाट अभिप्रेरित छन्। उनीहरूले आ-आफ्नै कोण र स्कुल अफ थटबाट राजतन्त्रलाई सामन्त, अधिनायकवादी, पछौटे, अप्रजातान्त्रिक शक्ति केन्द्रको रूपमा हेरेका र बेहोरेका थिए। राजा वीरेन्द्रको वंश विनास र राजतन्त्रको अन्त्य भएर गणतन्त्रको पटाक्षेपपछि झस्किने पालो पृथ्वीनारायणको सालिक ढाल्नेहरूको आयो।

साना-साना राज्य रजौटमा विभाजित बाईसे चौबीसे राज्यका देशलाई एउटै राष्ट्रिय एकताका अभियानका नायक पृथ्वीनारायण हुन्। पञ्चायतकालभरि राजाले प्रजातन्त्रको हत्या, निर्वाचित सरकार अपदस्थ र सैनिक कू का बलमा एकदलीय शासन लादेर ब्रह्मलुट गरे। पृथ्वीसनारायणको इतिहास साक्षी छ, उनमा एक्लो निरंकुश राजाभन्दा जनताको राजा हुने इच्छा रहेको देखिन्छ, म विराज बखतीलाई काजी बनाउन चाहन्थेँ, तर जनताको चाहना कालु पाँडेलाई बनाउनुपर्छ भन्ने रहेछ। मैले आफ्नो इच्छालाई तिलाञ्जली दिएर जनताकै इच्छाअनुसार गरेँ, किनभने जनता बलिया भएमात्र, दरबार बलियो हुन्छ। तर मण्डले राष्ट्रवादको र निरंकुश र सामन्त राजाका जिजुबराजु भएकाले छायाँमा पर्नुपरेको छ। तर पनि पृथ्वीनारायण देशका वास्तविक नायक हुन्। सबै नेपालीको पहिचान यिनैले दिएकाले यिनले सम्पूर्ण नेपालीको आदर सम्मान पाउनुपर्छ।

पृथ्वीनारायणको इतिहास खोतल्दा थाहा हुन्छ, स्वाभिमानका नायकलाई समेत दासता र गुलामीका पक्षपातीहरूले बोकेर स्वार्थसिद्ध गर्न लागे भने परिवर्तनकारी शक्तिसमेत तर्सिएर पछाडि हट्ने रहेछन्। राष्ट्रिय एकता दिवस, संविधान र गणतन्त्र दिवसजस्तै महत्वपूर्ण छ। किनभने नेपाल स्वतन्त्र, सार्वभौम र अखण्ड राष्ट्र भएपछि मात्र राष्ट्रिय एकता सम्भव भएको हो। त्यसैले पृथ्वीनारायण र उनीसँग राष्ट्रिय एकता अभियानमा लागेका व्यक्तिहरूका जीवनी, तिनका उपदेश देशको पाठ्यक्रममा राख्दा हुन्छ। पछिका राजा आततायी र निरंकुश भए भन्दैमा जीजुबाजेको प्रतिष्ठा नासिने र मासिने हुँदैन। पृथ्वीनारायणले हामीलाई दिएको पहिचानका आधारमा सार्वभौम अखण्ड स्वतन्त्र एकीकृत राष्ट्र नेपाल बनाएवापत त्यसका अभियन्ता र महानायकलाई स्वीकार मात्र गरिएको हो।

टिप्स / जानकारी

# स्कुल जाने बच्चालाई कस्तो टिफिन दिने ?

दिपु सिंह राजपुत

**१. टिफिन किन महत्वपूर्ण छ ?**

बच्चाको शारीरिक, मानसिक र बौद्धिक विकासमा खानपानको अत्यन्तै ठूलो भूमिका हुन्छ। विशेषगरी स्कुल जाने उमेरका बच्चाहरू दिनको धेरै समय विद्यालयमै बिताउने भएकाले उनीहरूले खाने टिफिन पोषणयुक्त, सुरक्षित र स्वादिलो हुनु आवश्यक हुन्छ। सही टिफिनले बच्चालाई ऊर्जावान बनाउँछ, पढाइमा ध्यान केन्द्रित गर्न सहयोग गर्छ र रोगबाट बचाउँछ।

बिहानको नास्ता र दिउँसोको खानाबिचको समय लामो हुन्छ। यस समयमा बच्चालाई भोक लाग्छ र शरीरलाई ऊर्जा चाहिन्छ। यदि टिफिन राम्रो छैन भने बच्चा थकित, झर्किने र पढाइमा ध्यान नदिने हुन्छ। त्यसैले टिफिनलेः

शरीरलाई आवश्यक ऊर्जा दिन्छ।
दिमाग तेज बनाउँछ।
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।
अस्वस्थ जंक फुड खाने बानीबाट बचाउँछ।

**२. राम्रो टिफिनको विशेषता**

स्कुलको टिफिन बनाउँदा निम्न कुरामा ध्यान दिनुपर्छः

पोषणयुक्त हुनुपर्छ।
सजिलै पच्ने हुनुपर्छ।
सफा र सुरक्षित हुनुपर्छ।
बच्चाले मन पराउने हुनुपर्छ।
घरमै बनेको हुनुपर्छ।

**३. टिफिनमा समावेश गर्नुपर्ने पोषक तत्व**

क) कार्बोहाइड्रेट
ऊर्जाको मुख्य स्रोत हो।
उदाहरणः चामल, रोटी, चिउरा, आलु, मकै।
ख) प्रोटिन
शरीरको वृद्धि र मांसपेशीका लागि आवश्यक।
उदाहरणः दाल, अण्डा, दूध, दही, चना, सोयाबिन।
ग) भिटामिन र खनिज
रोगबाट बचाउन र शरीर सन्तुलनका लागि।
उदाहरणः फलफूल, सागसब्जी।
घ) फ्याट (थोरै मात्रामा)
ऊर्जा र दिमाग विकासका लागि।
उदाहरणः बदाम, मूंगफली, घ्यू (थोरै)।

**४. स्कुलका लागि उपयुक्त टिफिनका उदाहरण**

१. रोटी-तरकारी
गहुँको रोटी र आलु, गाजर, सिमी जस्ता तरकारी स्वस्थ विकल्प हो।
२. अण्डा
उमालेको अण्डा वा अण्डा रोल पोषणयुक्त हुन्छ।
३. चिउरा मिक्स
चिउरा, भुजा चना, बदाम, तरकारी मिसाएर बनाइएको चिउरा निकै राम्रो टिफिन हो।
४. फलफूल
स्याउ, केरा, सुन्तला, पपीता जस्ता फलफूल दिन सकिन्छ।
५. स्यान्डविच
घरमै बनाइएको तरकारी वा अण्डाको स्यान्डविच राम्रो विकल्प हो।

६. ढिडो वा भात (सानो मात्रा)
केही स्कुलमा बच्चाले भात लैजान पनि रुचाउँछन्, तर हलुका र सफा हुनुपर्छ।
७. दही
दहीले पाचन राम्रो गर्छ र पेट स्वस्थ राख्छ।

**५. घरमै बनाइएको टिफिनको फाइदा**

बाहिरको जंक फुडभन्दा सुरक्षित।
कम तेल, कम मसला।
बच्चाको स्वास्थ्यअनुसार बनाउन सकिन्छ।
आर्थिक रूपमा पनि बचत हुन्छ।

**६. दिनहुँ एउटै टिफिन नदिने**

बच्चालाई दिनहुँ एउटै टिफिन दिँदा दिक्क लाग्न सक्छ। त्यसैले टिफिनमा विविधता ल्याउनु आवश्यक छ।

**उदाहरणः**
सोमबारः रोटी-तरकारी
मंगलबारः चिउरा मिक्स
बुधबारः स्यान्डविच
बिहीबारः अण्डा र फलफूल
शुक्रबारः दही र हल्का खाजा

**७. टिफिनमा के दिनु हुँदैन ?**

चाउचाउ
चिप्स
अत्यधिक मिठाइ
कोल्ड ड्रिंक्स
धेरै तेल र मसला भएको खाना

यी खानेकुराले बच्चाको स्वास्थ्य बिगार्न सक्छ र मोटोपन, पेट दुख्ने, दाँत बिग्रने जस्ता समस्या ल्याउँछ।

**८. बच्चालाई पानी पिउन नबिर्सिन भन्नुपर्छ**

टिफिनसँगै सफा पिउने पानी अनिवार्य दिनुपर्छ। पानी कम पिउँदा बच्चालाई टाउको दुख्ने, थकान हुने समस्या आउन सक्छ।

**९. बच्चाको रूचिलाई पनि ध्यान दिनु**

जबरजस्ती खान नलगाई बच्चालाई मन पर्ने, तर स्वस्थ खाना छान्न सिकाउनुपर्छ। कहिलेकाहीँ बच्चासँग सल्लाह गरेर टिफिन बनाउँदा उनीहरू खुशीसाथ खान्छन्।

**१०. अभिभावकको भूमिका**

अभिभावकलेः
बच्चालाई स्वस्थ खानाको महत्व बुझाउनुपर्छ।
आफैं उदाहरण बन्नुपर्छ।
बिहान हतारमा जंक फुड दिनु हुँदैन।
टिफिन सफा र राम्रो कन्टेनरमा राख्नुपर्छ।



परम्परागत भेषभूषामा सजिएका थारू युवतीहरू:
दाङको घोराहीमा भएको एक कार्यक्रममा सहभागी हुन परम्परागत भेषभूषामा सजिएर आएका थारू युवतीहरू। तस्विरः कुलदीप न्यौपाने/रासस

# व्यवसायीहरू सुरक्षित हुनुपर्नेमा जोड




नवलपरासी । नवलपरासी सुनचाँदी व्यवसायी संघको ९औं वार्षिक साधा रणसभा तथा चौथो अधिवेशन शनिबार सम्पन्न भएको छ। जिल्ला अध्यक्ष अर्जुन सुनारको अध्यक्षतामा नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष अर्जुन रसायलीको प्रमुख आतित्थ्यतामा अधिवेशन भएको हो।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका रसायलीले बदलिएको देशको परिस्थितिका कारण व्यवसायीहरू आफैं सुरक्षित भएर प्यवसाय सञ्चालन गर्नुपर्ने बताएका छन्। उनले जेनजी आन्दोलनको प्रसंग उठाउँदै आफ्नो सुरक्षा दिन नसक्ने सरकारबाट व्यवसायीले सरकारबाट सुरक्षाको आशा गर्नुभन्दा आफ्नो व्यवसायको सुरक्षा आफैंले गर्नु पर्ने जनाए। केही समयदेखि सुन आयात रोकिएको भए पनि अहिले आएर सुन आयात खुल्न थालेको उनले बताए। व्यवसायीहरूले सुन खरीद गर्दा बैंकमार्फत् गर्नुपर्ने र व्यवसायी पनि पारदर्शी हुनु पर्नेमा रसायलीले जोड दिए। आफ्नो महासंघले धेरै दिन गरेको आन्दोलनपछि ७ बुद्धे सहमति भएको भए पनि सम्झौता कार्यान्वयन नहुँदै सरकार ढलेका कारण समस्या देखिएको उनले उल्लेख गरे। देशको अवस्था र सुनको कारोबारको अवस्थालाई हेर्दा साना व्यवसायी मर्ज भएर पेशालाई अगाडि बढाउनु पर्नेमा उनको जोड थियो।

कार्यक्रममा लुम्बिनी प्रदेशका सभासद बैजनाथ कलवारले सुनचाँदी व्यवसायी पेशा सम्मानित पेशा भएको भए पनि धेरै चुनौती रहेको बताए। सरकारले यस पेशालाई बुझेर समस्या समाधान गर्नुपर्ने उनले बताए।

सुनचाँदी व्यवसायी महासंघ लुम्बिनी प्रदेश अध्यक्ष ध्रुवकुमार रसायलीले आफूहरूले लुम्बिनी प्रदेश सरकारमार्फत् बजेट बिनियोजन गराएर प्रदेशका १२ वटै जिल्लामा व्यवसायीलाई तालिम प्रदान गर्ने योजना रहेको जनाए।

कार्यक्रममा संघका सल्लाहकार विष्णु विक, प्रकाश श्रीपाली, नेपाल पत्रकार महासंघ नवलपरासीका अध्यक्ष केशव पराजुली, उद्योग वाणिज्य संघ परासीका उपाध्यक्ष गिरिराज पाण्डे, बर्दघाट उद्योग वाणिज्य संघका अध्यक्ष लेखनाथ न्यौपाने, सुनवल उद्योग वाणिज्य संघका प्रतिनिधि डिल्लीराज पाण्डे, नवलपरासी सुनचाँदी व्यवसायी संघका उपाध्यक्ष कुलदीप स्वर्णकारलगायतले आ-आफ्ना धारणा राखेका थिए।

कार्यक्रममा जिल्ला अध्यक्ष अर्जुन सुनार, महासचिव देवेन्द्र विक र कोषाध्यक्ष सन्दीप विश्वकर्माले आ-आफ्ना प्रतिवेदन साधारणसभामा प्रस्तुत गरेको थिए।

# बाँकेको खजुरापिडारी नालामा बहुकोष्ठ कल्भर्ट निर्माण सुरु



बाँके । हुलाकी राजमार्गको नेपालगञ्ज-गुलरिया सडक खण्डको बाँकेको पिडारी नालामा पक्की कल्भर्ड निर्माण सुरु भएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सडक विभागको डाक राजमार्ग निर्देशनालय, परियोजना कार्यालय नेपालगञ्जले बाँकेको खजुरा गाउँपालिकास्थित नेपालगञ्ज-गुलरिया सडकखण्डमा पर्ने पिडारी नालामा चार लेनको ३४.४० मिटर लम्बाइको बहुकोष्ठ (मल्टिसेल) बक्स कल्भर्ट निर्माणसुरु गरेको छ।

उक्त आयोजना डाक राजमार्गको स्तरोन्नति तथा यस क्षेत्रको यातायात व्यवस्थापन सुधार गर्ने उद्देश्यले अगाडि बढाइएको महत्वपूर्ण पूर्वाधार परियोजना हो।

सडक विभागका अनुसार उक्त निर्माणका लागि एम/एस नारायणम निर्माण सेवा प्रालि, नेपालगञ्ज, बाँकेसँग ठेक्का सम्झौता गरिएको छ।

आयोजनाको कुल लागत सात करोड ६० लाख ३५ हजार ७३५ रुपैयाँ २१ पैसा रहेको छ। आयोजना २०८२ साल जेठ १९ गते सम्झौता भई २०८३ साल बैशाख १८ गतेभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको परियोजना कार्यालय नेपालगञ्जले जनाएको छ।

परियोजनाअन्तर्गत बक्स कल्भर्ट निर्माणसँगै नदी संरक्षण तथा पहुँच सडक निर्माणसमेत गरिनेछ।

यसबाट वर्षायाममा पिडारी नालामा आउने बाढीका कारण हुने सडक अवरोधलाई स्थायी समाधान गर्ने अपेक्षा गरिएको छ। विगतमा बर्सेनि बाढीका कारण सडक क्षतिग्रस्त भई आवागमन अवरुद्ध हुने समस्या रहेको स्थानीयवासीले बताएका छन्।

स्थानीयका अनुसार उक्त क्षेत्रमा बाढी र पानीको बहावका कारण यात्रु तथा सवारीसाधनले जोखिम मोलेर आवतजावत गर्नुपर्ने अवस्था थियो। कल्भर्ट निर्माणपछि वर्षायाममा समेत सुरक्षित, सहज र नियमित यातायात सञ्चालन हुने विश्वास गरिएको छ।

# वनलाई पर्यटनसँग जोड्न आवश्यक : मन्त्री कलवार



देवदह। सामुदायिक वनलाई पर्यटनसँग जोड्न आवश्यक रहेको लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवारले बताएका छन्। उनले वनलाई उद्यम र पर्यटनसँग जोड्न सके आर्थिक विकास हुने बताउँदै विधिभित्र रहेर सामुदायिक वनहरूले काम गर्नुपर्नेमा जोड दिए।

सृष्टि सामुदायिक वन उपभोक्ता समूह देवदह-४, को २६औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री कलवारले उक्त कुरा बताएका हुन्। मन्त्री कलवारले नेपालको जंगलमा काठहरू कुहिएर गए पनि विदेशबाट काठ आयात भइरहेको बताए। उनले विदेशी काठ नेपाल आयात गर्न बन्द गरी नेपाली काठलाई विदेश निर्यात गर्ने गरी प्रदेश सरकार अगाडि बढिरहेको जनाए। मन्त्री कलवारले देवदहलाई पर्यटकीय स्थल बनाउन प्रदेश सरकार तयार रहेको बताउँदै त्यसको लागि स्थानीय तहले पहल गर्नुपर्नेमा जोड दिए।

सृष्टि सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष केशवप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय रूपन्देहीका वन अधिकृत प्रविन विडारी, देवदह नगरपालिका-४, का वडाध्यक्ष दमननाथ रेग्मी, कोलियराज्य बुद्ध मावली विकास संस्थाका लिला वल्लवभ भट्टराईलगायतले बोल्दै वन डढेलो, अतिक्रमण र चोरी निकासी रोक्नको लागि आमउपभोक्ताहरू सचेत र सजग हुनु पर्नेमा जोड दिएका थिए।

कार्यक्रममा प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष घिमिरेले आर्थिक वर्ष २०८२/०८३ को लागि करिव १९ लाख बरावरको योजना प्रस्तुत गरेका थिए। अध्यक्ष घिमिरेले प्रशासनिकतर्फ १ लाख ९१ हजार, वन विकासतर्फ ९ लाख ४५ हजार, गरिवी न्यूनीकरण तथा महिला शसक्तिकरणतर्फ २ लाख ८० हजार, सामाजिक विकास तर्फ ५ लाख रुपैयाँ बराबरको योजना प्रस्तुत गरेका थिए।

कार्यक्रममा समूहका कोषाध्यक्ष ईन्द्रप्रसाद पाण्डेले ११ लाख ८३ हजार बराबरको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा कोटियामाई आधारभूत विद्यालयका गरिब तथा जेहेन्दार ४ जना विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको थियो। समूहका वरिष्ठ उपाध्यक्ष सीता पोखरेलको स्वागत र सचिव निर्मला जिसीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# बाँकेमा चिसोले मर्न थाले मौरी

नेपालगञ्ज । मह उत्पादनका लागि पालिएका मौरी चिसोका कारण मर्न थालेका छन्। तराईमा चलेको शीतलहरका कारण बाँकेका किसानले पालेका मौरी मर्न थालेका हुन्।

नेपाल मौरीपालक महासङ्घ, बाँकेका अध्यक्ष एवं मौरी पालक किसान पुरमल बस्नेतको घारमा रहेका मौरीमध्ये करिब दुई प्रतिशत मरेको जानकारी दिए। उनले भने-"अहिले मौरीका लागि सङ्कटकालजस्तै भएको छ, घारबाट बाहिर आउँदा चराको आक्रमण छ भने तराईको शीतलहर र हुस्सुले मौरी मरेका छन्।"

मौरीपालक बस्नेतले कतिपय अवस्थामा शीतलहरका कारण मौरीको घारसमेत रित्तो हुने अवस्था रहने उल्लेख गर्दै बाँकेमा भने त्यस्तो समस्या नभएको स्पष्ट गरे। एउटा घारमा ३० देखि ३५ हजार हाराहारीमा मौरी रहेका हुन्छन्।

मौरीलाई खानपानको व्यवस्था गर्न सकिएन भने मौरीको घारमा किसानले ठूलो नोक्सानी बेहोर्नुपर्ने उल्लेख गर्दै उनले बाँकेमा उन्नत जातको मेलिफेरा मौरीबाट मह उत्पादन भइरहेको बताउनुभयो। यो युरोपबाट विकास गरिएको उन्नत जातको मौरी हो।

अध्यक्ष बस्नेतका अनुसार चरिचरनका लागि विभिन्न स्थानमा स्थानान्तरण हुँदा मौरीलाई चिसोको समस्या हुने गर्छ। यही कारण बाँकेमा यस वर्ष महको उत्पादन घट्ने अनुमान छ।

रैथाने जातका मौरी, भमरा, पुत्का पनि चिसोका कारण मर्न थालेको उल्लेख गर्दै उनले यिनीहरूको बासस्थान सुरक्षित गर्ने कार्यक्रम ल्याउनुपर्ने बताए।

उनले आफूले पालेका ५० घार मौरीलाई चरिचरनका लागि बर्दियाको गुलरिया उत्तरपूर्व लक्ष्मणामा लगेको जानकारी दिँदै त्यहाँ पनि फुलेको तोरी सकिएकाले अन्यत्र सार्ने तयारी भइरहेको बताए।

कात्तिकमा बर्दियाको तारातालमा मौरी चरिचरनका लागि लगेको उल्लेख गर्दै मौरीपालक बस्नेतले अब केही दिनमा नै चरिचरनका लागि बर्दियाको बासगढी नगरपालिकामा लैजाने तयारी भइरहेको बताए।

कोहलपुर नगरपालिका-५ निवासी कृष्ण आचार्यले मौरी चिसोले मर्न थालेपछि मौरीपालक किसान चिन्तित भएको जनाए। "एउटा घारमा १० वटा फ्रेम हुन्छ त्यसमध्ये दुईदेखि तीन फ्रेम खाली भएको छ।"-उनले भने। चिसोको प्रत्यक्ष असर मौरीपालक किसानलाई परेको उल्लेख गर्दै उनले मौरी बाहिर हिँड्डुल गर्न नपाएपछि महको उत्पादनमा पनि गिरावट आउने बताए। रानीमौरीले अण्डा पार्न सक्दैन र मौरी चिसोले बाहिर आउन पनि सक्दैन, खान पाउँदैन अनि मर्छ मौरीपालक किसान आचार्यको भनाइ छ।

उनले भने-"अत्यधिक चिसोका कारण आधा जति मौरी मरिसका छन्।" आचार्यले करिब ७० घार मौरी पालेका छन्। यहाँ १२ जना मौरीपालक किसानले जिल्लामा मौरी पालेर महको उत्पादन गर्दै आएका छन्। गत वर्ष करिब दुई लाख ५० हजार क्विन्टल मह उत्पादन भएको जिल्लामा अहिले अझै कम उत्पादन हुने महासङ्घका अध्यक्ष बस्नेतको भनाइ छ।

कोहलपुर नगरपालिकाका कृषि विकास शाखा प्रमुख कल्पना नेपालीले गत वर्ष सङ्घीय सरकारको कार्यक्रमअनुसार मौरीपालक किसानलाई अनुदान सहयोग गरे पनि यस वर्ष कुनै कार्यक्रम नभएको जानकारी दिइन्। जिल्लाको कोहलपुर, बैजनाथ, राप्तीसोनारी, खजुरालगायतका क्षेत्रमा सीमित किसानले मौरीपालन गरेका छन्।

मौरीपालक किसान बस्नेतले गत वर्ष कोहलपुर नगरपालिकाबाट रु पाँच लाखको अनुदान प्राप्त गरेको र सो रकम पाँच जना किसानले दामासाहीले बाँडेर लिएको बताए। जिल्लाबाट अधिकांश मौरीपालक किसान मौरीको चरिचरनका लागि दाङ, बर्दिया, सुर्खेतलगायतका जिल्लामा जाने गर्छन्।

## एकै...

उनले स्थापित राजनीतिक दलहरूलाई निषेध गर्ने अलोकतान्त्रिक व्यवहारबाट सरकार पछि हट्न बाध्य भएको जिकिर पनि गरे।

अहिले सरकार दलहरूसँग संवाद गर्ने ठाउँमा आइपुगेको भन्दै उनले स्थापित दलहरूलाई निर्वाचनमा भागै लिन नदिने, घरबाट बाहिर निस्कनै नदिने पात्रहरूको 'माकःफुइँ' लाई विफल तुल्याइएको दाबी पनि ओलीले गरेका छन्। ओलीले आफू तथा तत्कालीन गृहमन्त्री रमेश लेखकलाई भदौ २३-२४ का घटनामा मुछ्ने प्रयास असफल भएको दाबी पनि गरेका छन्।

राज्यका वैधताप्राप्त निकायले कुनै पनि विषयमा सोधपुछ गर्न बोलाउँदा त्यहाँ गएर सहयोग गर्ने, अख्तियार प्राप्त निकायले मुद्दा अभियोजन गरे त्यसको कानुनसम्मत सामना गर्ने र प्रचलित कानुनबमोजिम गल्ती भएको भए उपयुक्त सजाय भोग्न तयार हुने अभ्यास एमालेमा रहेको उनले बताए।

### गैडहवा गाउँपालिका अन्तर्गत दानव नदीको लोधपुरवा घाट, कदमहवा घाट, सुर्यपूरा हनुमान मन्दिर पश्चिम सुर्यपूरा घाट र खैरेनी कुट्टा घाट देखि नदीजन्य पदार्थको संकलन तथा उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२-०९-२७

रुपन्देही जिल्लाको गैडहवा गाउँपालिकाको सिमाना भएर बग्ने दानव नदीको लोधपुरवा घाट, कदमहवा घाट, सुर्यपूरा हनुमान मन्दिर पश्चिम सुर्यपूरा घाट र खैरेनी कुट्टा घाटदेखि नदीजन्य पदार्थको दिगो संकलन तथा उत्खनन् कार्य गर्न प्रारम्भिक वातावरणिय परीक्षण भई रहेको जानकारी गराईन्छ। प्रस्ताव कार्यान्वयन हुने नदी र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | IEE गर्ने नदी तथा खोला | प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|
| १ | दानव नदीको लोधपुरवा घाट, कदमहवा घाट, सुर्यपूरा हनुमान मन्दिर पश्चिम सुर्यपूरा घाट र खैरेनी कुट्टा घाट | गैडहवा गाउँपालिका वडा नं. ६ र ८ का नदी किनार छेउका बस्ति तथा सम्पदाहरु। |

उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा यस प्रस्तावको कार्यन्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सास्कृतिक प्रणालिहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरि प्रारम्भिक वातावरणिय परीक्षण गर्नु पर्ने भएका छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्बन्धित सरोकारवालाहरुले आफ्नो राय सुझाव यस गाउँपालिकाको कार्यलयमा लिखित एवम् ईमेल मार्फत पठाई सहयोग गरि दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| परामर्शदाताः | प्रस्तावकः |
|---|---|
| हात्तेमालो ईन्जिनियरिङ् एण्ड कन्सट्रक्सन प्रा.लि. | गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| ठेगानाः बुटवल, रुपन्देही | ठेगानाः विष्णुपुरा, रुपन्देही, लुम्बिनी प्रदेश |
| सम्पर्क नः ९८५११३५६३१ | सम्पर्क नः ०७१-५९२३५७ |

### गैडहवा गाउँपालिका अन्तर्गत दानव र ईङ्गुरिया नदीको डकहवा र सिमरहवा घाट देखि नदीजन्य पदार्थको संकलन तथा उत्खनन् कार्यका प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२-०९-२७

रुपन्देही जिल्लाको गैडहवा गाउँपालिकाको सिमाना भएर बग्ने प्रस्तावक दानव र ईङ्गुरिया नदीको डकहवा र सिमरहवा घाटदेखि नदीजन्य पदार्थको दिगो संकलन तथा उत्खनन् कार्य गर्न प्रारम्भिक वातावरणिय परीक्षण भई रहेको जानकारी गराईन्छ। प्रस्ताव कार्यान्वयन हुने नदी र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | IEE गर्ने नदी तथा खोला | प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|
| १ | प्रस्तावक दानव र ईङ्गुरिया नदीको डकहवा र सिमरहवा घाट | गैडहवा गाउँपालिका वडा नं. ८ का नदीकिनार छेउका बस्ति तथा सम्पदाहरु। |

उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा यस प्रस्तावको कार्यन्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सास्कृतिक प्रणालिहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरि प्रारम्भिक वातावरणिय परीक्षण गर्नु पर्ने भएको छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्बन्धित सरोकारवालाहरुले आफ्नो राय सुझाव यस गाउँपालिकाको कार्यलयमा लिखित एवम् ईमेल मार्फत पठाई सहयोग गरि दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| परामर्शदाताः | प्रस्तावकः |
|---|---|
| हात्तेमालो ईन्जिनियरिङ् एण्ड कन्सट्रक्सन प्रा.लि. | गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| ठेगानाः बुटवल, रुपन्देही | ठेगानाः विष्णुपुरा, रुपन्देही, लुम्बिनी प्रदेश |
| सम्पर्क नः ९८५११३५६३१ | सम्पर्क नः ०७१-५९२३५७, |

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु



बुटवल । बुटवलमा सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ । बुटवल उप-महानगरपालिका नगर खेलकूद विकास समितिको आयोजनामा देवीनगरस्थित एन्फा टेक्निकल सेन्टर खेल मैदानमा एक समारोहकाबिच बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले मशालसहित मार्चपास तथा बेलुन उडाएर उद्घाटन गर्दै बुटवलमा खेल महाकुम्भका रूपमा आयोजना गरिँदै आएको बताए । बुटवलमा गरिने खेलकुद प्रतियोगिता एउटा मोडलका रूपमा विकास भएको भन्दै उनले बुटवलवासीले गर्व गर्ने खेलकुद प्रतियोगिताहरू सञ्चालन भैरहेको दाबी गरे । एउटा पालिकाबाट गरिएको भए पनि जिल्ला, प्रदेश र संघबाट आयोजना गरिने कार्यक्रम जत्तिकै महत्वपूर्ण र वृहत् भएको उनले जनाए । 'यो देशभरि नै अनुभूति हुने खालको र बुटवलवासीको गर्व गर्ने खेलको कार्यक्रम हो ।'-उनले भने ।

उद्घाटन सत्रमा विभिन्न विद्यालयहरूबाट सहभागी विद्यार्थीहरूले मार्चपास गरेका थिए । पहिलो दिन एथ्लेटिक्स, भलिबल, कबड्डी, कराँतेलगायतका खेलहरू समेत भएका छन् ।

कार्यक्रममा उप-प्रमुख सावित्रादेवी अर्यालले वार्षिक बजेट नै बिनियोजन गरेर खेल विकासमा आफूहरू योजनाबद्ध रूपमा लागेको बताइन । 'यो वर्ष समयमा नै खेल सक्नेगरी तालिकाअनुसार अघि बढेका छौं ।'- उनले भनिन् । शिक्षा, स्वास्थ्य, पर्यटन, खेल, कला, संस्कृतिको क्षेत्रमा अब्बल हुने गरी पालिका अघि बढेको उनले दाबी गरिन । अरू पालिकालाई उदाहरण बन्ने गरी काम गरिरहेको उनले बताइन् ।

कार्यक्रममा मध्यपश्चिम पृतना हेडक्वाटरका पृतनापति उपरथि हिम्मतबहादुर विष्टले बुटवल खेलाडीहरूको उर्वरभूमिका रूपमा परिचित रहेको जिकिर गर्दै यहीअनुसारको धेरै खेल गतिविधि हुने गरेको बताए ।

कार्यक्रममा नगर खेलकुद विकास समिति बुटवलका संयोजक बोनिन पियाले खेलाडी उत्पादन गर्ने, पहिचान गर्ने र अनुसासन सिकाउने रूपमा प्रतियोगिताको महत्व रहेको बताए । प्रतियोगितामा भलिबल, कबड्डी, एथ्लेटिक्सतर्फ दौड, हाई जम्प, लङ्गजम्प, सटपुट, ज्याभ्लिङ्ग थ्रो, मार्शल आर्टको विधाहरू कराँते, तेक्वान्दो प्रतियोगिताहरू हुने उनले जानकारी दिए ।

प्रतियोगितामा रनिङ शिल्ड विजेता विद्यालयले नगद २५ हजार राशी प्राप्त गर्नेछ भने उप-विजेता र तृतीय हुने विद्यालयलाई समेत क्रमशः १५ हजार र १० हजार नगद राशीले सम्मान गरिने छ । यसैगरी छात्रा/छात्र भलिबल प्रतियोगितामा विजेता दुबै समूहलाई नगद १५ हजार, द्वितीय हुने समूहलाई ७ हजार ५ सय कबड्डीतर्फ पनि प्रथम, द्वितीय र तृतीयलाई क्रमशः १५ हजार ७ हजार ५ सय र ३ हजार ५ सय नगद राशी प्रदान गरिने छ । प्रतियोगितामा ४२ विद्यालयबाट १६ सय बढी खेलाडीहरू प्रतिस्पर्धा गर्ने छन् ।

# उद्यान महासंघको अध्यक्षमा पुनः लुइँटेल




बुटवल । नेपाल उद्यान महासंघको तिलोत्तमामा सम्पन्न प्रथम राष्ट्रिय महाधिवेशनले रूपन्देहीका खेमप्रसाद लुइँटेललाई पुनः अध्यक्षमा चयन गरेको छ ।

महाधिवेशनबाट उपाध्यक्षमा मकवानपुरका रघुनाथ खुलाल र पाल्पाका दलबहादुर गुरूङ, महासचिवमा रूपन्देहीका बेलप्रसाद शर्मा, सचिवमा सुनसरीका लक्ष्मीप्रसाद खनाल, कोषाध्यक्षमा कपिलवस्तुका शान्ति खनाल निर्विरोध चयन भएको प्रमुख निर्वाचन अधिकृत युवराज घिमिरेले जानकारी दिए ।

यस्तै सदस्यहरूमा हरिलाल सापकोटा, नारायणबहादुर केसी, चेतबहादुर खड्का, विष्णुराज आचार्य, पवन रिजाल, टंकप्रसाद पराजुली, निरबहादुर श्रेष्ठ, खिमलाल पाण्डे, डिल्लीराज भण्डारी, श्याम न्यौपाने, सागरप्रसाद देवकोटा, हेमबहादुर बस्नेत, गोपालबहादुर श्रेष्ठ, ईन्द्रप्रसाद नेपाल, हिमाल श्रेष्ठ, टीका ओली र हरिकला कुमाल चयन भएका छन् ।

यसअघि अधिवेशनमा बोल्दै लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्तीमगरले उद्यान सञ्चालन गर्दा देखापरेका समस्यालाई समाधान गर्न आफूले नीतिगत पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उद्यान महासंघका अध्यक्ष खेमप्रसाद लुइँटेलले उद्यानहरू व्यवस्थित तरिकाले सञ्चालन गर्न स्पष्ट कानुन आवश्यक रहेको बताउँदै महासंघले यो विषयमा निरन्तर पैरवी गरिरहने बताए । प्रायः उद्यानहरू वन, सार्वजनिक तथा सरकारी जग्गामा रहेकाले उद्यानलाई प्रवर्धनका गर्न स्पष्ट कानुन आवश्यक रहेको उनको भनाइ छ ।

राज्यले कानुन नबनाउँदा धेरै ठाउँमा वन र पार्कबिच द्वन्द्व चल्ने गरेको बताउँदै उनले वनका विभिन्न प्रकारहरू मध्ये अब उद्यान वनको अवधारणामा जानुपर्ने बताए । शुक्रबारबाट तिलोत्तमाको वनबाटिकामा चलेको प्रथम साधारणसभा तथा अधिवेशनमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत हुनुको साथै उद्यान र पर्यटन प्रवर्धनका विभिन्न आयामको बारेमा छलफल भएको महासचिव बेलप्रसाद शर्माले जानकारी दिए । महासंघमा देशभरका डेढसय बढी उद्यानहरू सदस्य छन् ।

# दश करोड बढीमा बिक्री भए भीरकोटका सुन्तला



वालिङ (स्याङ्जा) । स्याङ्जाको भीरकोट-७ बाट यस वर्षमात्रै रु दश करोड बढीको सुन्तला बिक्री भएको छ । वडाका विभिन्न टोलमा रहेका सुन्तला बगैँचाबाट गाउँमा रु दश करोड बढी भित्रिएको हो ।

वडाभित्रका सुन्तला उत्पादक कृषकहरूसँग लिइएको तथ्याङ्कका आधारमा यस वर्षमात्रै ७ नं. वडाबाट रु दश करोड बढीको सुन्तला बिक्री भएको वडाध्यक्ष तारा अर्यालले जानकारी दिइन् । वडाका जिमिरे, लोलुङ्गा, बलमाटा, तिलाहार, पाङ्साङ, पासिन्डाँडा, कोलडाँडा, धोवादीलगायत टोलका स्थानीय सुन्तला व्यावसायी कृषकहरूले न्यूनतम रु एक लाखदेखि अधिकतम रु ३५ लाखसम्म आम्दानी गर्न सफल भएका उनले बताइन् ।

सुन्तला उत्पादक कृषकले ठेक्का तथा प्रतिकेजी किलोको रु ७० का दरले बोटबाटै बिक्री गरेका हुन् । "सुन्तला उत्पादक कृषकहरूले बिक्री गरेको परिमाण, मूल्यका आधारमा जानकारी लिँदा सुन्तला बिक्रीबाट रु दश करोड बढी आम्दानी भएको पाइयो", उनले भनिन्-"वडामा सुन्तलाको बगैँचा विस्तार गर्ने क्रम जारी रहेकाले आगामी वर्षहरूमा उत्पादन वृद्धि हुँदै जाँदा आम्दानी पनि स्वतः वृद्धि हुने छ ।"

सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि कोदो, मकै हुने बारीहरूमा सुन्तला बगैँचा विस्तार गर्ने क्रम बढ्दै गएको छ । सुन्तलाको पकेट क्षेत्रको रूपमा रहेको भीरकोट-७ मा तीन वर्षअघि बगैँचा विस्तार गरिएको थियो । आम्दानीसित जोड्नका लागि थप ५०० रोपनी क्षेत्रफलमा पन्ध्र हजार ५०० बिरुवा रोपिएको थियो । यहाँका कृषकहरूलाई सुन्तलाखेतीप्रति थप आकर्षित गर्नका लागि सुन्तला बगैँचा व्यवस्थापन शिविर, उपकरण हस्तान्तरण, रोग कीरा नियन्त्रणसम्बन्धी सहजीकरण तथा परामर्श दिइएको उनले बताइन् ।

"यहाँ उत्पादन भएको सुन्तला काठमाडौँ, पोखरा, बुटवल, नारायणगढसहित स्थानीय बजारमा खपत हुने गरेको छ", उनले भनिन्-"ज्याला, ढुवानीसहित हाल प्रतिकेजी रु ७० का दरले बोटबाटै व्यापारीले लैजाने भएकाले बजारको कुनै समस्या छैन ।"

भीरकोट-७ जिमिरेका सुन्तला कृषक देवीलाल अर्यालले यस वर्ष रु १५ लाख बढीको सुन्तला बिक्री गरेका छन् । उनले अहिले प्रतिकेजी रु ७० का दरले सुन्तला बगैँचाबाटै बिक्री गरिरहेका छन् । सोही वडाको लोलुङ्गाका ७१ वर्षीय लालप्रसाद कोइरालाले पनि यस वर्ष रु १५ लाख बढीको सुन्तला बिक्री गरेका छन् । यहाँका विभिन्न टोलमा रहेका सुन्तला बगैँचाबाट धेरैजसो सुन्तला बिक्री भइसकेको छ भने केही बिक्री हुनेक्रममा छन् ।

स्याङ्जाबाट यस वर्ष रु एक अर्ब ३२ करोड मूल्यको सुन्तला उत्पादन भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष कूल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो । स्याङ्जामा गत वर्षको तुलनामा यस वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

# 'लगानी सुरक्षित गर्दै निजी क्षेत्रको मनोबल बढाउनु पर्छ'

मोहम्मद हबिब
*भैरहवा*



उद्योगी व्यवसायीहरूको लगानीकर्ताले सुरक्षित महसुस नगर्दा निजी क्षेत्र उकास्न नसकिने बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देहीको ६७औं वार्षिक साधारणसभामा बोल्दै उद्योगी व्यवसायीहरूका अगुवाहरूले सरकारी पक्षबाट सुरक्षाको प्रत्याभूत नभएसम्म निजी क्षेत्र नफस्टाउने बताए । उनीहरूले लगानी सुरक्षित गर्दै निजी क्षेत्रको मनोबल बढाउनु पर्ने बताए ।

निजी क्षेत्रलाई निरास बनाइ मनोबल गिराएर वा बाहिर राखेर मुलुकको समृद्धि हुन नसक्ने बताए । सिद्धार्थ उद्योग वाणिज्य संघ, उद्योगी व्यवसायीको निरन्तर मागले यहाँको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भए पनि निरन्तर उडान हुन नसक्नु दुःखद रहेको उनीहरूले जनाए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले उद्योगी व्यवसायीको समस्यामा निरन्तर समाधान गर्दै आएको बताउँदै कोभिडपछिको आर्थिक मन्दी अझै नउकासिदैमा भदौ २३ र २४ गतेको आन्दोलनले समग्र निजी क्षेत्र प्रभावित भएको बताए । निजी क्षेत्रलाई उकास्न जिल्ला तहबाट केन्द्रसम्म प्रयासरत रहेको बताउँदै उनले राजनैतिक स्थायित्व आर्थिक समृद्धि र विकासमैत्री नीतिलाई सबै सरकार र राजनैतिक दलको मुख्य एजेण्डा बनाउने माग गर्दै आएको बताउँदै उनले स्पष्ट र दीर्घकालिन नीति अभाव र भएको निति कार्यान्वयन नहुँदा समस्या जटिल बन्दै गएको, उद्योग, वाणिज्य तथा व्यापार क्षेत्रमा राज्यले हितमा सम्बोधन गर्नुपर्ने धेरै विषय रहेको बताए । उद्योग बन्द हुनु र पूर्ण रूपले चलायमान हुन नसक्नु, साना व्यव साय पलायन हुने अवस्थामा राज्यले आर्थिक चलायमानको अनुकुल मिलाउनु उनले जनाए । बैंक र वित्तीय संस्था लचिलो हुनुपर्ने, सम्भावान बोकेको क्षेत्रमा राज्यको लगानी हुन नसक्नु, कृषि प्रदान देशमा कृषिमा आत्मनिर्भरता नहुनु, पर्यटनमा सम्भावना भए पनि पहिचान गर्न नसक्दा बेरोजगार र श्रम बाहिर गइरहेको उनले औंल्याए । उनले कृषि, उद्योग, पर्यटन, उर्जा मुलुकका समृद्धिका आधार भएको जनाउँदै यसका लागि सरकारले विशेष ध्यान दिएर काम गर्नु आवश्यक रहेको उल्लेख गरे ।

प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघ नेपालका अध्यक्ष चन्द्रप्रसाद ढकालले उच्चस्तरीय आर्थिक सुधार आयोग गठन भई निजी क्षेत्रमैत्री कानुन परिवर्तन, मौद्रिक नीति र बजेटमा पनि धेरै संशोधन र सुधार भएको छ । केही सुधार र सशोधनको क्रममा रहेको जनाए ।

उनले निजी क्षेत्रको लगानीका लागि १० अर्बको नेपाल विकास कम्पनी सञ्चालन गरेको, जसले नेपालमै लगानीको वातावरण बनाई सम्भावना भएको क्षेत्रमा लगानी सुरुवात गरेको बताए । विधान संशोधन, महिला सहभागिता, प्रत्यक्ष निर्वाचनबाट अधिवेशन, सबै प्रदेशमा प्रतिनिधित्व हुने गरी संस्थागत रूपमा बलियो बनाउन विधान र नियमावली संशोधन महासंघले गरेको उनले जनाए ।

निजी क्षेत्र जस्तो अवस्थामा पनि संघर्ष गर्नुको कारण ऋणको भारले हजारौंलाई रोजगारी दिएकोले बन्द गर्न नसक्ने हुँदा धुलो टकटकाएर उठ्नु पर्ने बाध्यात्मक अवस्था हुने बताए । निजी क्षेत्रले रोजगारी सृजना, राज्य सञ्चालनको सहयोगी, पूर्वाधार विकास र सेवा प्रभावमा सहजता गरेपनि जजुनसुकै आन्दोलनमा निजी क्षेत्रलाई लक्षित गरिनु दुःखद रहेको जनाए ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मा, बागमति प्रदेश अध्यक्ष दिल सुन्दर श्रेष्ठ, केन्द्रीय उपाध्यक्ष हेमराज ढकालले सम्भावना नै सम्भावना भएको देशमा अपेक्षाअनुसारको उपलब्धि भएको छैन । यहाँ सेज, विमानस्थल, बुद्ध जन्मस्थललगायतको ठूलो सम्भावना निजी क्षेत्र सन्तुष्ट नहुनु दुःखद रहेको बताएका थिए । २४ घण्टामा जीएनजीले ऐना देखाएकोले सबै सच्चिएर युवालाई विदेश जानबाट रोक्नु पर्ने, युवा मैत्री, व्यवसायमैत्री, लगानीमैत्री नीतिलाई निजी क्षेत्रको सम्मान र मनोबल बढाउने कार्यक्रम ल्याउनुपर्ने आवश्यकता रहेको उनीहरूले उल्लेख गरेका थिए । साझा समस्या एकीकृत गरेर समाधान दिनेमा संघ लागेकोले यहाँ आउने पर्यटकले नयाँ मोडेल खोजेकोले त्यसतर्फ निजी क्षेत्रले विकास गर्नुपर्ने आवश्यकता छ । लगानी गर्ने क्षेत्रबारे बारे उद्योगी व्यवसायीमा अन्योलता भएकोमा सबै निरास छन् । मुलुकमा आर्थिक संकट देखिए पनि सरकारले ध्यान दिए जस्तो छैन । मुलुक संकटमा, राजनैतिक अवस्था स्थिर नहुँदा मनोबल घटेको छ, यसलाई बढाउन निजी क्षेत्र एकत्रित र एकबद्ध भएर अगाडि बढ्नु पर्ने उनीहरूले बताए । राजनैतिक द्वन्द्वले धेरै निजी क्षेत्र तहसनहस भई लगानी सुरक्षित नभएकोले महसंघले चलायमानका लागि लगानी मैत्री वातावरण बनाउनका लागि सरकार र निकायतर्फ अझै कार्यक्रमको निरन्तरता दिनुपर्ने उनीहरूको भनाइ रहेको थियो ।

विशिष्ट अतिथि सिद्धार्थनगर नगरपालिका उप-प्रमुख उमा अधिकारीले जीएनजीको घटना हुनुको कारण गणतन्त्र अनुभूति नभएर यो घटना हुन पुगेको बताइन् । उनले उद्योगी व्यवसयीलाई मध्यनजर गरी संघको समन्वय र सहकार्यमा सिद्धार्थनगर अघि बढेको जनाइन् । खुला सीमा चुनौती भए पनि पर्यटक तान्ने अवसर लिन नसकेकोमा निजी क्षेत्रले ध्यान दिँदै यहाँको उत्पादन, घरेलु तथा स्वदेशी उत्पादनको प्रचारप्रसारमा जोड दिनुपर्ने उनले बताइन् । उनले उद्योग-व्यवसायलाई चलायमान बनाउनुपर्नेमा जोड दिँदै लुम्बिनीलाई पर्यटनको केन्द्रको रूपमा मात्रै विकास गरी प्रचारप्रसार गर्न सके मुलुकलाई समृद्ध बनाउन सकिने उल्लेख गरिन् ।

संघका वरिष्ठ उपाध्यक्ष दिलीप कान्दुको धन्यवाद, संघका महासचिव कृष्णप्रसाद घिमिरेको सञ्चालनमा भएको कार्यक्रममा विभिन्न अक्षयकोषबाट सञ्चार, शिक्षा, साहित्य, खेलकुद र उद्योगी व्यवसायीलाई सम्मान गरिएको थियो ।

# देवसिद्ध खानेपानीको साधारणसभा



बुटवल । देवसिद्ध खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था बुटवल-११ देवीनगरको १४औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशन शनिबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष भरत पाठकको अध्यक्षता तथा बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । सो अवसरमा बोल्दै नगरप्रमुख पाण्डेले बुटवलका खानेपानी तथा सरसफाइ संस्थाहरू नमूना बनेका बताए ।

उनले देवसिद्ध खानेपानी योजनाको कार्यप्रगति अग्रणी कार्यको प्रशंसा समेत व्यक्त गरे । कार्यक्रममा बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले खानेपानी संस्थालाई आवश्यक सहयोग गर्न स्थानीय सरकार तयार रहेको बताइन् ।

कार्यक्रममा संस्थाका अध्यक्ष भरत पाठकले खानेपानी महशुललाई थप व्यवस्थित र सर्वसुलभ बनाउने नीति लिएको बताए । उनले आगामी १ वर्षभित्र प्रेसर फिल्टर जडान सबै उपभोक्तालाई शुद्ध पिउने पानी वितरण गरिने जनाए । कार्यक्रममा वडाध्यक्ष रामचन्द्र क्षेत्रीले खानेपानीको संरक्षण र सम्बर्द्धन गर्नु सबैको कर्तव्य रहेको बताए । सो अवसरमा खानेपानी महासंघका केन्द्रीय सदस्य ध्रुव धिताल, शिक्षाप्रेमी टुकबहादुर क्षेत्री, संस्थाका सल्लालहकार सुरज भटटराईलगायतले बोलेका थिए ।

कार्यक्रमका अवसरमा ७५ वर्ष पूरा गरेका १५ जना उपभोक्ता सदस्य, ८० वर्ष पूरा भएका उपभोक्ता परिवारका सदस्य र शताब्दी पुरूष पिताम्बर न्यौपानेलाई सम्मान गरिएको थियो ।

त्यस्तै आफ्नो घर तथा परिसरमा सरसफाइ गरी सौन्दर्यकरणमा योगदान पुऱ्याउने पूर्व सिद्धनगर टोल विकास संस्थाबाट मणिमुकुन्द मावि, पश्चिम सिद्धनगरबाट विकास जिसी, तल्लो देवीनगरबाट दुर्गाबहादुर खत्री र भवानी टोल विकास संस्थाबाट बासुदेव पौडेल र पत्रकारिताको माध्यमबाट योगदान पुऱ्याउने कृष्ण मल्ललाई सम्मान गरिएको संस्थाका सचिव लोकराज शर्माले जानकारी दिए । संस्थाका उपाध्यक्ष लालबहादुर थापाको स्वागत तथा सचिव लोकराज शर्माको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com